श्रम विभाग द.प्र.प.नं: ९/०६५/०६६

(ट्रेड युनियन ऐन, २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासंघ)

# पेसागत महासङ्घ नेपाल

Confederation of Nepalese Professionals (CONEP)

च.नं. ६३/०७४/७५

मिति: २०७४।११।३०

## कोनेप सर्कुलर-५

श्री अध्यक्षज्यू,
सबै आवद्ध/संवद्ध घटकहरू,
सवै जिल्ला समितिहरू,

**बिषयः-राष्ट्रिय समितिको पाँचौं पूर्ण वैठकका निर्णयहरू पठाईएको ।**

पेसागत महासङ्घ नेपाल राष्ट्रिय समितिको पाँचौं पूर्ण वैठक महासङ्घका अध्यक्ष क विश्वनाथ प्याकुरेलको अध्यक्षतामा २०७४ फागुन २४ र २५ गते पेसागत भवन, लैनचौर, काठमाडौंमा सम्पन्न भएको छ । उक्त वैठकमा भएका निम्न वमोजिम निर्णयहरू आवश्यक कार्यान्वयन तथा जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

**निर्णय नं १**

वैठकमा प्रस्तुत संागठनिक प्रतिवेदन महासचिव क. विष्णु लामिछानेले प्रस्तुत गर्नुभयो । प्रतिवेदन उपर छलफल भई प्राप्त हुन आएका सुझावहरू समेट्दै थप समृद्ध वनाउने गरी प्रस्तुत प्रतिवेदन पारित गरियो ।

**निर्णय नं. २**

महासङ्घको आर्थिक गतिविधि समेटिएको आर्थिक प्रतिवेदन महासङ्घका कोषाध्यक्ष क. श्यामप्रसाद पाण्डेले प्रस्तुत गर्नुभयो । प्रतिवेदन उपर छलफल भई प्राप्त हुन आएका सुझावहरू समेट्दै थप समृद्ध वनाउने गरी प्रस्तुत प्रतिवेदन पारित गरियो ।

**निर्णय नं. ३**

वैठकमा संगठन विभागको तर्फवाट महासचिव क. विष्णु लामिछानेले २०७४ चैत्र देखि २०७५ जेठ सम्म ३ महिने संगठन सुदृढिकरण अभियानको प्रस्ताव प्रस्तुत गर्नुभयो । सो प्रस्तावका सम्वन्धमा छलफल भई निम्न वमोजिम गर्ने गरी पारित भएको छ ।

| क्र सं | कार्यक्रम | अवधि | कसले गर्ने | कैफियत |
|---|---|---|---|---|
| १. | प्रदेश कमिटी वैठक | २०७४ चैत्र १५ सम्म | प्रदेश समिति/ इञ्चार्ज | |
| २. | जिल्ला समितिहरूको वैठक | २०७४ चैत्र तेश्रोहप्ता सम्म | जिल्ला समिति/प्रदेश समिति | |
| ३. | प्रदेश सरकार र प्रदेश सभा सदस्य सँग भेटघाट/अन्तरक्रिया | २०७५ बैसाख मसान्त सम्म | प्रदेश समिति/ इञ्चार्ज | |
| ४. | जिल्ला परिषद | २०७५ वैसाख १५ सम्म | जिल्ला समिति / प्रदेश समिति | |
| ५. | राष्ट्रिय परिषद | २०७५ जेष्ठ ६ गते | राष्ट्रिय समिति | |
| ६. | अन्य संगठनवाट पार्टी प्रवेस गरेका प्रवेशीहरूलाई जिम्मेवारी प्रदान | २०७४ चैत्र सम्म | सम्बन्धित समिति | |
| ७. | महिला राष्ट्रिय सम्मेलन | २०७५ जेठ पहिलो हप्ता सम्म | महिला राष्ट्रिय समिति | |
| ८. | युवा राष्ट्रिय भेला | २०७५ जेठ पहिलो हप्ता सम्म | युवा राष्ट्रिय समिति | |
| ९. | प्रत्येक घटकका पदाधिकारीसँग अन्तरक्रिया | २०७५ बैशाख मसान्त सम्म | राष्ट्रिय समिति/ घटक संस्था | |
| १०. | समिक्षा वैठक | २०७५ जेष्ठ मसान्त सम्म | राष्ट्रिय समिति | |

Lainchaur, Kathmandu, Nepal, Phone: +977-1-4425525, 4427602, Fax: +977-1-4435574
E-mail: conepnepal@gmail.com, Web: www.conep.org.np

**निर्णय नं ४**

महासङ्घको मुखपत्र सहयात्रा प्रकाशन सम्वन्धमा वैठकमा छलफल भयो । उक्त सहयात्रा प्रकाशनवाट महासङ्घको कोष सुदृढ गर्ने योजना अनुसार सहयात्रा प्रकाशनवाट जम्मा रू. २० लाख बिज्ञापन संकलन गर्ने योजनाका साथ प्रत्येक राष्ट्रिय समिति सदस्यहरूले अनिवार्य रूपमा कम्तिमा १० हजारको बिज्ञापन संकलन गर्नुपर्ने निर्णय भएको छ । यस योजना मार्फत राष्ट्रिय घटक, प्रदेश कमिटी र जिल्ला कार्य समितिको समेत आर्थिक अवस्था मजबुत बनाउने उद्देश्यले तत् तत् घटक तथा कमिटिले संकलन गरेको बिज्ञापन रकमको ३० प्रतिशत प्रतिष्ठानमा, २० प्रतिशत घटकमा र बाँकी ५० प्रतिशत महासङ्घमा बुझाउनु पर्ने छ । त्यसैगरी जिल्ला र प्रदेशको हकमा २० प्रतिशत प्रदेशमा, ३० प्रतिशत जिल्लामा र बाँकी ५० प्रतिशत केन्द्रमा उपलब्ध गराउने निर्णय गरिएको छ ।

**निर्णय नं. ५**

भर्खरै सम्पन्न राष्ट्रिय सभा, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा नेकपा एमालेको तर्फवाट महासङ्घ राष्ट्रिय समितिका उपाध्यक्ष क. उदया शर्मा राष्ट्रिय सभा सदस्य पदमा, उपमहासचिव क. पूर्णा जोशी ७ नं प्रदेश सभा सदस्य पदमा, क. सरिता खड्का १ नं प्रदेश सभा सदस्य पदमा, डा. पुष्पा कर्ण संघिय प्रतिनिधि सभा सदस्य पदमा, डा. रामकुमार अधिकारी ३ नं. प्रदेश सभा सदस्य पदमा र क. देवकी श्रेष्ठ ३ नं प्रदेश सभा सदस्य पदमा निर्बाचित हुनुभएको हुदा पेसागत क्षेत्रका वहाँहरू लगायत प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा निर्वाचित हुनुभएको र पेसागत महासङ्घका सल्लाहकारद्वय क. प्रमोद शर्मा र टहलबहादुर खड्का नेकपा एमाले केन्द्रीय लेखा आयोगमा मनोनित हुनभएकोमा हार्दिक वधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ ।

**निर्णय नं. ६**

महासङ्घको विधान वमोजिम राष्ट्रिय परिषदको वैठक २०७५ साल जेठ ६ गते गर्ने निर्णय गरिएको छ ।

**निर्णय नं. ७**

नेकपा माले सम्वद्ध शिक्षक संगठन केन्द्रीय समितिको कोषाध्यक्षको जिम्मेवारी सम्माल्नुभई हाल नेकपा एमाले मा आवद्ध हुन आउनुभएका लवप्रसाद पाण्डेलाई नेपाल राष्ट्रिय शिक्षक संगठन र सोही पार्टी सम्वद्ध स्थानिय निकाय कर्मचारी संघठनमा रहनुभै हाल नेकपा एमालेमा आवद्ध हुन आउनुभएका प्रकाश पोखरेल, भगवान घिमिरे र विजयता कठायत लाई स्थानिय तह कर्मचारी संघ नेपाल काठमाडौँ मा उचित जिम्मेवारी दिन लेखि पठाउने निर्णय गरीयो ।

**निर्णय नं. ८**

अहिले नेकपा एमाले र नेकपा माओवादी केन्द्र वीच एकिकरणको छलफल चलिरहेको सन्दर्भमा पेसागत महासङ्घ र आवद्ध/सम्वद्ध घटकहरूमा समेत यसको प्रभाव पर्ने भएको र सो विसयमा छलफल हुँदा अति आवश्यक भएको सन्दर्भमा वाहेक सवै जिल्ला, प्रदेश, र केन्द्र स्तरिय अधिवेशनहरू अर्को सुचना जारी नहुँदासम्म स्थगन गर्ने निर्णय गरिएको छ ।

निर्णय नं ९

वैठकवाट समसामयिक सन्दर्भमा देहायअनुसार गर्ने निर्णय गरिएको छ ।

- नेपाली जनताको झण्डै दुई तिहाई बहुमतका साथ बाम गठवन्धनको सरकार गठन भएकोमा महासङ्घ हार्दिक वधाई एवं शुभकामना ज्ञापन गर्दछ । जनतालाई परिवर्तनको अनुभूति हुने र वेरोजगारी न्यून हुने गरी जनमुखी कार्यक्रम सञ्चालन गर्न, राष्ट्र सेवक कर्मचारीहरूलाई समयोचित आर्थिक सुविधा प्रदान गरी उत्प्रेरित गर्न, भ्रष्टाचार र अनियमितताको अन्त्य गरी मितव्ययीताका साथ सुशासनका मुल्य मान्यतालाई अंगिकार गर्दै सरकार सञ्चालन गर्न, राष्ट्रियतामा देखा परेका चुनौतीको सामना गर्दै राष्ट्रियताको संरक्षण र सम्वर्धन गर्ने दिशामा सरकारको प्रभावकारी भूमिकाका लागि पूर्ण सफलताको कामना गर्दछ ।
- अन्तर्राष्ट्रिय श्रम संगठनको संगठन स्वतन्त्रता सम्वन्धी अभिसन्धी र नेपालको संविधानले श्रमिक पेसाकर्मीहरूलाई ट्रेड युनियन खोल्न पाउने अधिकार प्रत्याभूत गरेको छ । बहुदलिय व्यवस्थामा राजनैतिक दलहरू झैं श्रम क्षेत्रमा बहु युनियनहरू खडा हुन सक्ने मान्यतालाई आत्मसात गर्नु पर्दछ । अतः सामूहिक सौदावाजिका लागि सवै क्षेत्रमा शीघ्र आधिकारीक ट्रेड युनियनहरूको निर्वाचन गरेर आधिकारीक ट्रेड युनियनले मात्र माग दावी गर्न पाउने व्यवस्था गरी ट्रेड युनियनहरूको व्यवस्थापन गर्न, नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

- नेपालको संविधानले श्रमिकको परिभाषामा शारिरिक एवं वौद्धिक श्रम गर्ने सबैलाई श्रमिक भनी स्पष्ट गरेको र यसै अनुरूप श्रम ऐन २०७४ मा वौद्धिक काम गर्ने पेसाकर्मीलाई समेत श्रमिक भनी परिभाषित गरेको हुँदा राष्ट्र सेवामा संलग्न निजामती कर्मचारी लगायत सबै कलमजीवी पेसाकर्मीहरूलाई वौद्धिक श्रमिकको रूपमा आत्मसात गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।
- नेपाली नागरिकलाई संविधानतः मतदान गर्ने अधिकार प्रदान गरेको छ तर गत निर्वाचनमा राष्ट्रसेवक कर्मचारीहरूलाई कार्यस्थलवाट मतदान गर्न सरकार वाट वञ्चित गरिएको हुँदा यो वैठक राजनीतिक दल, नेपाल सरकार र निर्वाचन आयोगको गम्भिर ध्यानकर्षण गर्दछ र आगामी निर्वाचनहरूमा राष्ट्र सेवकहरूको मतदान गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न जोडदार माग गर्दछ ।
- मुलुक संघीयतामा गई सकेको सन्दर्भमा प्रशासनिक पुनर्संरचना अन्तर्गत निजामती, स्वास्थ्य सेवा स्थानिय तह लगायतमा कार्यरत कर्मचारीलाई समायोजन गरी कर्मचारीको सेवालाई सुरक्षित गर्न र कर्मचारीको व्यवस्थापन गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।
- यो वैठक, संविधानले समाजवाद उन्मुख अर्थनीतिका साथ मुलुकको अर्थतन्त्र सञ्चालन गर्न दिशावोध गरेको छ र जनतालाई सार्वजनिक सेवा सहज, सरल ढंगले प्रदान गर्नु पर्ने दायित्व सरकारका सामु रहेको सन्दर्भमा सार्वजनिक संस्थानहरूको औचित्य झन वढ्दै गएको छ । निवर्तमान सरकारले गरेको नेशनल ट्रेडिङ्ग लि. लाई खारेज गर्ने निर्णय आपत्ति जनक छ । अतः सार्वजनिक संस्थाहरूको सुदृढिकरण र विस्तार गर्न नेपाल सरकार वाट वित्तिय लगानी गरी सार्वजनिक संस्थानहरूलाई व्यवसायिक तवरले सञ्चालन गर्न माग गर्दछ ।
- सार्वजनिक विद्यालय क्षेत्रमा लामो समयदेखि अस्थायी र राहतका नाममा शिक्षक, कर्मचारीहरू कार्यरत छन् यसरी कार्यरत शिक्षक कर्मचारीहरूको संख्यालाई दरवन्दी कायम गरी स्थायी तवरले पदपूर्ती गरी अस्थायी, करार र राहतका समस्या सँधैका लागि समाधान गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।
- अन्तर्राष्ट्रिय श्रम मापदण्ड अनुरूप श्रमिक कर्मचारीको सेवा प्रवेश देखि अवकास सम्म नेपाल सरकारवाट एकरूपताको नीति लिई विशेषतः निजामती, संस्थान, वैंक लगायतका सेवामा एकद्वार अवकास नीति अवलम्वन गर्न माग गर्दछ ।

**निर्णय नं. १०**

पेसागत महासङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष क. प्रेमलकुमार खनालको बुबा तथा राष्ट्रिय समिति सदस्य क. उर्मिला खनालको ससुराबुवा मित्र प्रसाद खनालको २०७४ कार्तिक ५ गते ८४ वर्षको उमेरमा, महासङ्घका उपाध्यक्ष क. कृष्णमान श्रेष्ठको ममतामयी आमा मनकुमारी श्रेष्ठको मिति २०७४ मंसिर २ गते ७९ वर्षको उमेरमा, महासङ्घका उपमहासचिव क. पूर्णा जोशीको ममतामयी सासुआमा राजकुमारी जोशीको मिति २०७४ असोज २ गते ८४ वर्षको अमेरमा, राष्ट्रिय समिति सदस्य क. गंगा वोगटीको ममतामयी आमा गुच्छी कडायतको मिति २०७४ असोज २४ गते ८१ वर्षको उमेरमा, राष्ट्रिय समिति सदस्य क. विष्णु आचार्यको बुबा पूर्णप्रसाद आचार्यको मिति २०७४ माघ १९ गते ७८ वर्षको उमेरमा र महासङ्घ राष्ट्रिय समिति सदस्य क. केदारप्रसाद देवकोटाको दाजु लक्ष्मीप्रसाद देवकोटाको मिति २०७४ फागुन ४ गते ५६ वर्षको उमेरमा, पेसागत महासङ्घ नेपालका सल्लाहकार रामकुमार वान्तवा राईका ममतामयी माता गंगामाया राई, भाई चन्द्रकुमार राई, वुहारी पार्वती राई र वहिनी विष्णु राई तामाङको मिति २०७४ असोज ४ गते भएको असामयिक निधन प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गरिएको छ ।

वैठकका निर्णयहरू पूर्ण रूपमा कार्यान्वयन गर्नु हामी सवैको दायित्व भएको स्मरण गर्दै आ-आफ्नो कार्यक्षेत्रमा महासङ्घका गतिविधिहरूलाई सक्रियतापूर्वक लागु गर्नका लागि अनुरोध छ ।

हार्दिक अभिवादन !

(विष्णु लामिछाने)
महासचिव